**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः १५ अगस्त २०२४

समयः १८:५० – १६:०० बजे

**प्रमुख समाचार**

१. कृतज्ञ राष्ट्रले आज देशभक्ति भावनाका साथ ७८ औं स्तंत्रता दिवस भव्य रूपामा पाल गरयो।
२. प्रधानमंत्री नरेन्द्र मोदीले देशमा लाखैं युवाहरूसित राजनीतिमा आउने आवहान गर्नुभएको छ तािा देश्को अर्थव्यवस्थालाई थप गति दिन एक देश एक चवुनावको आवहान गर्नुभयो।
३. पश्चिम बंगाल राज्यभरी तथा दार्जीलिङ पहाड़का विभिन्न ठाउँहरूमा भव्य रूपमा स्वतंत्रता दिवस पालन गरियो।
४. सोनादा देखि खरसांग सम्म आयोजित स्वतंत्रता दिवस मैराथनमा जलपाईगुड़ीका जयन्त दास पुरूष वर्गमा तथा महिला वर्गमा झारखण्डकी अनिता दास प्रथम भए।
५. मिरिक झील परिसरमा आज १०० फिट अग्लो विशाल तिरंगा फहराईयो।
६. कोलकाता आर.जे अस्पताल बलातकार र हत्या काण्डको संज्ञान लिन राज्यपाल अस्पताल पुग्नु भएको छ।

**स्वतन्त्रता दिवस**

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले सेमीकन्डक्टर उत्पादनमा विश्वव्यापी नेतृत्व हासिल गर्नए आयातमा निर्भरता घटाउन र प्रविधिमा आत्मनिर्भरता बढाउन भारत प्रतिबद्ध रहेको बताएका छन् । आज बिहान लाल किल्लामा राष्ट्रिय झण्डा फहराएपछि प्रधानमन्त्री मोदीले आफ्नो ७८ औँ स्वतन्त्रता दिवसको भाषणमा भारतको विकासको दिशा तय गर्ने भविष्यका लक्ष्यहरूको बारेमा विस्तृत कुरा गरे। उनले उत्पादनए गेमिङए डिजाइनिङलगायत विभिन्न क्षेत्रमा देशलाई विश्वनेताका रुपमा स्थापित गर्न नवप्रवर्तनको खाँचो औँल्याए । श्री मोदीले भने कि यदि देशका १४० करोड नागरिकहरू संकल्पका साथ काँधमा काँध मिलाएर हिंड्छन् भने उनीहरूले हरेक चुनौतीलाई पार गर्न सक्छन् र २०४७ सम्ममा देशलाई विकसित बनाउन सक्दछन्। शिक्षाको क्षेत्रमा नालन्दा विश्वविद्यालयको सदियौँदेखिको भावनालाई पुनर्जीवित गर्दै ज्ञानको परम्परालाई अगाडि बढाउनुपर्ने प्रधानमन्त्रीको भनाइ थियो । सन् २०२४ को बजेटको चर्चा गर्दै प्रधानमन्त्रीले देशका युवालाई तालिम दिन र देशलाई सीप विकासको हब बनाउन सरकारले घोषणा गरेका विभिन्न कार्यक्रम उल्लेख गरे । श्री मोदीले भन्नुभयो कि भारतसँग एक विशाल विरासत छ जुन गेमिंगको संसारको लागि प्रयोग गरिनु पर्दछ। श्री मोदीले एक लाख युवाहरूए विशेष गरी गैर-राजनीतिक पृष्ठभूमिका युवाहरूलाई राजनीतिक प्रणालीमा सामेल गर्न आह्वान गर्नुभयो। प्रधानमन्त्रीले श्भोकल फर लोकलश मन्त्र नै मुलुकको अर्थतन्त्रको विकासको मन्त्र बनेको बताए । श्एक जिल्लाए एक उत्पादन भन्ने मन्त्र जनमानसमा लोकप्रिय बन्दै गएको छ । प्रधानमन्त्रीले पछिल्लो समय प्राकृतिक विपत्तिका घटनामा वृद्धि भएकोमा चिन्ता व्यक्त गरे

****** ० ******

**पश्चिम बंगाल स्वतंत्रता दिवस**

पश्चिम बंगालका सबै जिल्ला तथा महकुमाहरूबाट भव्य रूपमा ७८ ओ। स्वतंत्रता दिवस पालन गरिएको समाचार प्राप्त भएको छ। राज्यको मुख्य समारोह कोलकाताको मध्य भागमा अवस्थित रेड रोडमा आयोजित गरिएको थियो। मुख्य मंत्री ममता व्यानर्जीले यहाँ तिरंगा फहराउनु भयो। यस अवसरमा बंगाल पुलिसका जवानहरू एनसीसी कैडेटहरू तथा स्कूले विध्यार्थीहरूले परेडमा सहभागिता जनाए। सलामी मंचमा सुश्री ममता वनर्जीले परेडको सलामी लिनुभयो।

****** ० ******

**दार्जीलिङ स्वतंत्रता दिवस**

दार्जीलिङको लेबोङ स्थित गोरखा स्टेडियम खेल मैदानमा आज भव्य रूपमा स्वतंत्रता दिवस समारोह पालन गरियो। यस अवसरमा आयोजित परेडमा एक दर्जन भन्दा बढ़ी विध्यालयका छात्र-छात्राहरूले सहभागिता जनाए। जीटिए का सभापति अंजुल चौहान ले राष्ट्रिय झण्डा तिरंगा फहराउनु भयो तथा पेरडको सलामा लिनुभयो। यस अवसरमा दार्जीलिङ जिल्ला शासक ड़ा. प्रिती गोयल तथा दार्जीलिङ जिला पुलिस अधिकारी प्रवीन प्रकाश्को उपस्थित थियो। स्कूले विध्याथ्रीळरूले परेडका

साथ विभिन्न सांस्कृतिक कार्यक्रम तथा ड्रीलहरू प्रस्तुत गरे। एनसीसी कैडेटहरूको सहभागिता पनि सराहनीय थियो। जिल्ल शासक तथा जिल्ला न्यायालय परिसरमा जिल्ला शासक प्रिती गोयलले बिहान तिरंगा फहराउनु भयो तथा दार्जीलिङ पुलिसका जवानहरूले सलामी दिए। यसैगरी गोरखा जनमुक्ति मोर्चाका अध्यक्ष विमल गुरूङले पनि स्वतंत्रता दिवस समारोहको छे पारी आयोजित गाउँले फूटबल फाइनलको अवसरमा तिरंगा फहराए। यसै क्रममा दार्जीलिङका लोकसभा सांसद राजु विष्टले सिलगड़ी पार्टी मुख्यालयमा तिरंगा फहराए। राजु विष्टले बीएसएफ शिविरमा  आयोजित स्वतंत्रता दिवस समारोहमा भाग लिए साथै मिरिक नजीक केन्द्रिय विध्यालय स्कूलको समारोहमा सहभगिता जनाए।

****** ० ******

**<u>खरसांग स्वतंत्रता दिवस</u>**

७८ औं स्वतंत्रता दिवस समारोह खरसांगको मन्टिभियट मैदानमा भव्य रूपमा पालन गरियो। यस अवसरमा खरसांग र विरपरिका प्रायः सबै विध्याालयका विध्याथ्रीहरूले परेडमा भाग लिए। एनसीसीको पनि विशेष भूमिका थियो। यस अवसरमा राश्ट्रिय झण्डा जीटिए का प्रमुख कार्यपाल अनित थापाले फहराउनु भयो। समारोहमा खरसांगका महकुमा शासक वन्दावासी तेजा दीपक, महकुमा पुलिस अध्किारी पुलोमोती सरणीया आदि उपस्थित थिए। स्कूले रंगा रंग सांस्कृतिक कार्यक्रमहरू तथा सुन्दर झाँकी प्रस्तुत गरे। यस स्वतन्त्रता दिवको अवसरमा खरसांग एस.डि.ओ कार्यालय परिसरमा एसडिओ द्वारा तिरंगा फहराईयो। यसैगरी मिरिकमा पनि भव्य रूपामा स्वतंत्रता दिवस समारोह पालन गरियो। मिरिकका प्रायः सबै गाउँहरू र चिया बगानहरूमा पनि स्वतंत्रता दिवस ससमारोह  आयोाजित गरिएको समाचार प्राप्त भएको छ। मिरिकको झील नजीक रहेको उध्यानमा आज १०० फिट अग्लो पोलमा विशाल तिरंगा झण्डा फहराईयो जो पर्यटकहरूका लागि एउटा प्रमुख स्थल र आकषर्ण केन्द्र हो।

****** ० ******

**<u>कालेबुङ स्वतन्त्रता दिवस</u>**

कोलबुङमा आज भव्य स्वतंत्रता दिवस समारोह पालन गरियो। यस समारोहमा २० भन्दा बढ़ी विधलयहरूका छात्र-छात्राहरूले आ-आफ्ना स्कूलको ड्रेसमा ब्याण्डका साा विभिन्न सड़क मार्गमा परेड गर्दै मुख्य समारोह स्थल मेला ग्राउण्डमा पुगेका थिए। परेडमा एनसीसी कैडैटहरूको पनि मुख्य सहभागिता थियो। सलामी मंचमा स्थानीय विधायक रूदेन सादा लेप्चाले तिरंगा झण्डा फहराए। स्कूले विध्यार्थीहरूले मंचलाई सलामी दिन्दै शानदार परेडको प्रदर्शन गरे। यस अवसरमा विभिन्न विध्यालयका विध्याथ्रीहरूले सांस्कृतिक कार्यक्रमहरू प्रस्तुत गरे। आज कालेबुङ शहर नै तिरंगाकोरंगले रंगिएको थियो। स्मरण रहोस् पश्चिम बंगालमा यही कालेबुङको मेलाटार हो जहाँ सबभन्दा भव्य र वृहत स्वतंत्रता दिवस समारोह आयोजित गरिन्थ्यो। भूटान देखि सिक्किम तथा उत्तर बंगाल देखि कोलकाता सम्म मानिसहरू समारोह हेर्न आउँथे। १४ अगस्तको राति देखिनै मानिसहरूले बस्ने ओगटन मेलाटारमा आउँथे कालेबुङले स्वतंत्रता दिवसको त्यो गरिमालाई आन्दोलन पछि पूनः फर्काई ल्याउने प्रयास गरिरहेको छ।

****** ० ******

**<u>हरघर तिरंगा पहाड़</u>**

78 औं स्वतंत्रता दिवस समारोहहरू दार्जिलिंग पहाड़ तथा तराई डुवर्समा आज देशभक्ति भावना, जोश, उत्साह व उमंगको साथ भव्य रूपमा पालन गरियो। प्रधानमंत्री श्री नरेन्द्र मोदीको हर घर तिरंगा अभियानको निकै असर यह पाहाड़ी भेकमा पनि देखियो। यस पाहाडी क्षेत्रको शहर हो वा गाँव हरेक स्थानमा, घर -दोकानहरू रसार्जनीक स्थानहरूमा बढो उत्साहका साथ मानिसहरूले विगत 9 अगस्त देखि नै तिरंगा झण्डा लगाउन थालेका थिए। आज 15 अगस्तको दिन शहर देखि गाँव र चिया बगानहरूमा तिरंगा लहराइरहेको थियो। गाड़ीहरूमा प्रायः तिरंगा लगाइएको देखियो। बाइकहरूमा सवार बढी संख्यामा मानिसहरूले तिरंगा लगाएर मधेश देखि पहाड़ घुम्न आइरहेको पनि देखियो। पाहाड़का युवाहरूमा पनि स्वतंत्रता दिवसको निको जोश र उत्साह देखियो। पाहाड़का युवाहरूले पनि बढी संख्यामा आ-आफ्ना बाइकहरूमा तिरंगा झण्डा लगाइ गुड़ी रहेकोले परिवेस पूर्ण रूपले देशभक्तिमय देखियो। यस अवसरमा सोनादा देखि खरसांग सम्म प्रत्येक वर्ष झैं यस वर्ष पनि स्वतंत्रता दिवस मैराथन आयोजित गरियो।

पुरूष मैराथनमा प्रथम भए जलपाईगुड़ीका जयन्त दास। उसले सोनादा देखि खरसांगको दूरी ४८ मिनटमा पुरा गरे भने द्धितीय स्थानमा कालूबुङ्का रिवाज छेत्री रहे। उसले ४६ मिनटमा दूरी पूरा गरे। यसरी नै तेस्रो स्थानमा रिम्भिकका हेमन्त लिम्बु भए जसेले यो दूरी ५० मिनटमा पुरा गेर। यसैगरी महिला वर्गमा झारखण्डकी अनिता दास भइन जसेल ४६ मिनटमा निर्धारित दुरी तय गरिनू। द्धितीय स्थानमा दार्जीलिङ्की बन्दना सुब्बा रहिन जसले ४७ मिनटमा निर्धारित दूरी तय गरिनू। तेस्रो स्थानमा गोरूबथानकी सविना राई भइन। आज खरसांगमा आयोजित स्वतंत्रता दिवस पेरडमा पूरूष वर्गमा सर्वोत्तम परेड, प्रस्तुत गर्दै प्रथम स्थानमा सेन्ट अल्फन्सस विधलय , द्धितीय सेन्ट जोभियर्स हाई स्कूल दिलाराम अनि तेस्रो स्थानमा गोथल्स विधलय रहयो। बालिका वर्गमा सेन्ट जोसेफ गर्ल्स विध्यालयले प्रथम स्थान ओगटयो भने हिमाली बोर्डिङ द्धितीय अनि रामकृष्ण कन्या विधालयले तेस्रो स्थान प्राप्त गरयो।

****** ० ******

**आकाशवाणी सिलगड़ी खरसांग स्वतंत्रता दिवस**

आकाशवाणी खरसांग तथा आकशवाणी सिलगड़ीको परिसरमा ७८ औं स्वतंत्रता दिवसमा राष्ट्रिय झण्डा उत्तोलन गरियो। आकाशपाणी सिलगड़ी क्लस्टर मुख्यालयमा ड़ी.ड़ी.ई तथा क्लस्टर प्रमुख जितेन रोयले राष्ट्रिय झण्डा फहराउनु भयो। यस समारोहमा आकाशवाणी सिलगड़ीका कर्मीहरू तथा गार्डहरू उपस्थित थिए। यसे क्रममा नेपाली भाषाको हबको रूपमा विकसित भएको आकाशवाणी खरसांग परिसरमा पनि कार्यक्रम प्रभारी पारस चन्द्र आलेले स्टेशनमा कर्मीहरूको उपस्थितिमा तिरंगा फहराउनु भयो। यसरीनै खरसांग, दार्जीलिङ र कालेबुङ एफ.एम स्टेशनहरूमा पनि संबधित अभियन्ता प्रमुखले तिरंगा फहराए। यस अवसरमा साथै रेडियो स्टेशन अनि एफ.एम स्टेशनहरूका कर्मचारीहरूलाई मिठाई आदि वितरित गरियो।

****** ० ******

**आर. जी. कर अस्पताल. मामला दर्ता**

कोलकाताको आरण जीण कर अस्पतालमा भएको हिंसापछि पुलिसले तीनवटा स्वतःप्रेरित मामला दर्ता गरेको छ । यस हिंसामा पुलिस अनि अस्पतालका चिकित्सकहरु माथि हमला भएको थियो अनि अस्पतालको संपत्तिलाई पनि छत्ती पुगेको थियो। पुलिसले यी मामलाहरुको जांच शुरू गरेको छ।आरण जीण कर अस्पतालको परिसरमा प्रशिक्षु डॉक्टरको दुष्कर्म पछि भएको हत्याको विरोधमा महिलाहरुले बिरोध प्रदर्शन गरे अनि महिला चिकित्सकहरुको जुलूस श्यामबाजार सम्म जाने भएको थियो। तर जुलूस शुरू हुनु भन्दा अघि नै एक समूहले अस्पतालमा हमला गरे ।हमलामा अस्पतालको आपातकालीन विभागमा तोड़फोड़ गर्नको साथै शांतिपूर्वक ढंगमा विरोध प्रदर्शन गरिरहेका डॉक्टरहरुमाथि हातापाई गरियो । घटना पछि अबेर राती कोलकाताक पुलिस आयुक्त विनीत गोयल घटनास्थलमा पुग्नुभयो द्य पुलिसको जांच अनुसारए आपातकालीन विभागको कतिपई भागहरु तोडीएको छद्य पुलिसले तीनवटा स्वतःप्रेरित मामला दर्ता गरेको छ जसमा पुलिस अनि चिकित्सकहरु माथि हमला गर्ने अनि सार्वजनिक संपत्तिलाई छत्ती पुर्याएको आरोप सामेल छन् । यस घटनामा अहिलेसम्म नौ ब्येक्तिहरुलाई पक्राउ गरिसकिएको छ । उल्लेखनीय छ जुन आपातकालीन विभागमा यो हमला भएको थियोए त्यसै भवनको चौथो तल्लामा स्थित सेमिनार हॉलमा महिला डॉक्टर सित बलात्कार गरि उनको हत्या गरिएको थियो।

****** ० ******